# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## सूचना

नेपाली फर्म, कम्पनी, उद्योग वा अन्य संस्थाहरुले आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ताबाट विदेशी मुद्रामा ऋण लिने सम्बन्धी मिति २०७२/०७/१८ को निर्णयानुसार जारी भएको र एकीकृत परिपत्र-२०७६ को सूचना नं. १ को खण्ड (ख) को उपखण्ड (इ) मा समावेश भएको सूचनालाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

**नेपाली कम्पनी/उद्योगले आफ्नै कम्पनी/उद्योगका विदेशी लगानीकर्ता (Parent Company/ Group of Companies समेत) बाट विदेशी मुद्रामा ऋण लिने सम्बन्धी सूचना**

(प्रथम पटक गोरखापत्र दैनिकमा प्रकाशित मिति: २०७७/०९/२९)

**१. आफ्नै कम्पनीका विदेशी लगानीकर्ताबाट नेपालमा ऋण लगानी गर्ने सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम प्रक्रिया पूरा गरी आफ्नो नियामक निकाय तथा विदेशी लगानी स्वीकृत गर्ने निकायबाट प्राप्त स्वीकृतिपत्र, उपलब्ध भएमा ।**

**२. ऋण लिने कम्पनी/उद्योग र ऋण दिने विदेशी लगानीकर्ता बीच भएको सम्झौता ।**

३. ऋण बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने प्रतिवद्धता पत्र ।

४. विदेशबाटै ऋण लिनुपर्ने आवश्यकता पुष्टि हुने कागजात ।

**५. सम्बन्धित कम्पनी/उद्योगको ऋण लिने सम्बन्धी निर्णयको प्रतिलिपि ।**

६. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता गरेको अद्यावधिक विवरण र प्रवन्धपत्र तथा नियममावली भए सो सम्बन्धी कागजातहरू ।

**७. ऋण लिने कम्पनी/उद्योग कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात ।**

८. ऋण चुक्ता गर्ने आधार खुल्ने कागजात ।

९. विनिमय जोखिमको सम्भावना र त्यसलाई व्यवस्थित गर्ने आधार खुल्ने कागजात ।

१०. कर्जा प्रदान गर्ने विदेशी व्यक्तिको लेखापरीक्षकबाट प्रमाणित आय/सम्पत्ति विवरण वा करको दायरामा रहेको प्रमाणित हुने कागजात र कर्जाको स्रोत ।

११. कर्जा ल्याउने तथा फिर्ता लैजाने समय तालिका (Time Schedule) उल्लेख भएको कागजात ।

**१२. विदेशबाट ऋण भित्र्याउने कम्पनी/उद्योगले विदेशबाट लिइने भनिएको ऋण नेपालकै वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूबाट आवश्यक परिमाण र व्याजदरमा लिन नसक्ने अवस्था सृजना भएको कुरा निवेदनमा विस्तृत रुपमा उल्लेख भएको हुनुपर्ने ।**

**१३. विदेशी लगानीकर्ताले प्रवाह गर्ने ऋणको हकमा नेपालमा पुंजी/शेयरमा गरेको लगानीको ६० प्रतिशत भन्दा बढी ऋण दिन नपाइने ।**

**१४. विदेशबाट ऋण लिन चाहने नेपाली कम्पनी/उद्योगले विदेशबाट लिने ऋणको ब्याजदर निर्धारण गर्दा देहाय बमोजिम ब्याजदर हुनु पर्ने :**

**(क) बढीमा 1 Year LIBOR+3% p.a. (ऋण सम्बन्धी सम्पूर्ण खर्च/ शुल्क/ कमिशन/ फि सहित)**

**(ख) भारतबाट लिइने ऋणको हकमा (क) मा उल्लिखित ब्याज वा भारतीय रिजर्व बैंकले प्रकाशन गरेको पछिल्लो विवरण अनुसारको 1 Year Marginal Cost of funds based Lending Rate (MCLR) को औसतसम्म (ऋण सम्बन्धी सम्पूर्ण खर्च/ शुल्क/ कमिशन/ फि सहित) ।**

**(ग) चीनबाट लिइने ऋणको हकमा (क) मा उल्लिखित ब्याज वा बढीमा 1 Year Loan Prime Rate (LPR) सम्म (ऋण सम्बन्धी सम्पूर्ण खर्च/ शुल्क/ कमिशन/ फि सहित) ।**

**१५. ऋण बापतको रकम सम्बन्धित कम्पनी/उद्योगको तोकिएको क्षेत्रमा नै उपयोग गर्नुपर्ने ।**

१६. ऋण प्राप्त भएको ३५ दिन भित्र सोको विवरण सहित यस बैंकमा अनिवार्यरुपमा लेखाङ्कन गराउनुपर्ने ।

भवदीय,

बम बहादुर मिश्र
(कार्यकारी निर्देशक)

प्रकाशित मिति : २०७७/०९/२९